दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १९९ | बुटवल | २०८१ साउन ०१, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday July 16, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

डेंगीबाट बचौं
-उच्च ज्वरो आउनु।
-जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
-आँखाको गेडी दुख्नु।
-अत्याधिक टाउको दुख्नु।
-शरीरमा राता विमिराहरु आउनु।
-वाकवाकी लाग्नु वा वान्ता हुनु।
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

# अर्थमन्त्री पौडेलप्रति बजार उत्साहित

**अर्थमन्त्री विष्णु पौडेल पाँचौपल्ट अर्थमन्त्री भएका छन्। उनीप्रति शेयर बजार सकारात्मक छ। निराश उद्योगी व्यवसायी पनि आशावादी छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेका उपाध्यक्ष तथा रुपन्देही २ बाट प्रतिनिधिसभामा निर्वाचित विष्णु पौडेल पुनः उप-प्रधानसहित अर्थमन्त्री बनेका छन् । सोमबार पदभार सम्हालेसँगै अर्थमन्त्रालयमा उनको पाँचौ पटकको प्रवेश हो।

पौडेलले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या स्थायी सरकार गठन भएसँगै समाधान हुँदै जाने विश्वास व्यक्त गरे । सरकारको सोँच र दृष्टिकोण कार्यान्वयन गर्न बजेट बाधक नबन्ने समेत उनले प्रष्ट पारे। यदि बाधा देखिए कसरी फुकाउने भनेर कानूनी र संवैधानिक व्यवस्थाका आधारमा संशोधन प्रक्रियामा जाने पनि उनले सुनाए।

अर्थमन्त्री पौडेलले शेयर बजारलाई अर्थतन्त्रको ऐनाका रूपमा रहेकाले यो क्षेत्र सन्तुलित ढङ्गले अघि बढोस् भन्ने आफ्नो चाहना रहेको बताए। पौडेलले विकास वित्तका क्षेत्र पहिचानका लागि अध्ययन गरिनेसम्बन्धी पहिलो निर्णयमा हस्ताक्षर गरेका छन्।

यसअघि पार्टी अध्यक्ष केपी ओलीसँगै उनी तीनपटक अर्थमन्त्री बनेका थिए । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा पनि उनी अर्थमन्त्री बने । २०७२ मा ओली प्रधानमन्त्री बन्दा पहिलोपटक अर्थमन्त्री बनेका थिए, पौडेल । ओलीको दोस्रो कार्यकालमा सुरुमा युवराज खतिवडा थिए । खतिवडा बाहिरिएपछि २०७७ मा पौडेलले नै अर्थ मन्त्रालय सम्हालेका थिए । २०७८ बैशाखमा प्रधानमन्त्री ओलीले राजीनामा दिएर पुनः प्रधानमन्त्री नियुक्त भएपछि पौडेल तेस्रो पटक अर्थमन्त्री बनेका थिए। सोही कार्यकालमा उनी उप-प्रधानमन्त्री पनि भएका थिए। ०७९ पुसमा उनी प्रचण्डसँग अर्थमन्त्री भएका थिए। पौडेल २०५३ मै पहिलो पटक युवा खेलकुद तथा संस्कृति मन्त्री भएका थिए । त्यसपछि २०६४ सालमा जलस्रोत मन्त्री भए। झलनाथ खनाल प्रधानमन्त्री हुँदा उनी रक्षा मन्त्री भएका थिए।

हुन त पौडेल अर्थतन्त्रका विषय विज्ञ होइनन्, तर पनि उनले दिने अभिव्यक्तिले नै निजी क्षेत्र र लगानीकर्तालाई आत्मविश्वास दिने गरेको लगानीकर्ताहरू बताउँछन्।



यो पटक पनि कांग्रेस-एमाले गठबन्धनपछि एमाले उपाध्यक्ष विष्णु पौडेल उप-प्रधानसहित अर्थमन्त्री बन्ने सम्भावनाको चर्चासँग पहिले झैँ सबैभन्दा बढी खुसी शेयर लगानीकर्तामा देखिएको छ । व्यवसायीहरुका अनुसार, समन्वय र अरुका कुरा सुन्ने स्वभावका पौडेलले निराश उद्योगी व्यवसायी र बजारलाई आशाको सञ्चार गर्ने विश्वास गरिएको छ। यो अपेक्षा पूरा हुन्छ कि हुँदैन केही महिनामा देखिने छ।

विद्युत् प्राधिकरण-उद्योगी विवाद

# उद्योगको लाइन काट्न थाल्यो प्राधिकरण



**लुम्बिनी संवाददाता**
*भैरहवा*

डेडिकेटेड र ट्रंक लाइन विवादको कानुनी समाधान गर्न गराउन नेपाल सरकार माझ माग गर्दै आएका व्यवसायीहरुको नेपाल विद्युत् प्राधिकरणले असार २५ र २६ मा पाँच उद्योगको बिजुली लाइन काटेपछि डेडिकेटेड र ट्रंकलाइनको विवाद फेरि ब्युँत्तिएको छ। लामो समय देखि महशुल बक्यौंताले मारमा परेको बताउँदै आएका उद्योगीहरुको बक्यौता असुल्न प्राधिकरण लागेको छ।

प्राधिकरणले रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक र हुलास स्टिल गरी ५ उद्योगको विद्युत् लाइन काटेको थियो । उद्योगीहरूले बिजुली जडान नगरी उद्योगीलाई तर्साउने र धम्काउने काम गरेको आरोप प्राधिकरणलाई लगाएका छन्।

विद्युत् कार्यालयले उद्योगलाई २०७२ र २०७५ सालदेखिको 'छुट बिल वापतको भुक्तानी भन्दै विलिङ गरेको छ । बुटवल फिडर र भरौलिया फिडरदेखि भैरहवा फिडरको बीचमा पर्ने औद्योगिक करिडोरका २२ उद्योगलाई पनि विद्युत् प्राधिकरणले २०७२ भाद्रदेखि २०७६ मंसिरसम्म ट्रंक लाइन खपत गरेको भन्दै सो रकम बुझाउन पटक-पटक ताकेता गर्दै आएको छ।

छुट बिलको नाममा जारी गरेकोले विद्युत् नियमन आयोगमा विचारधिन रहेको अवस्थामा प्राधिकरणले बक्यौता देखाउँदै उद्योगको विद्युत् काट्दै आएको छ । नेपालमा ६१ वटा उद्योगमा यस प्रकृतिको लाइन जडान भएको र रुपन्देहीमा २२ वटा उद्योगमा पनि यो समस्या आउने भन्दै यस क्षेत्रका उद्योगी व्यवसायीहरु रुष्ट छन्।

उद्योगीले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा गठित न्यायिक आयोगको सिफारिस कार्यान्वयन गरिनुपर्ने अडानमा छन्। उनीहरुले प्राधिकरणले आयोगको सिफारिस मान्नु पर्ने बताएका छन्। प्राधिकरणले असार ११ मा ६१ वटा उद्योगलाई १५ दिनभित्र बक्यौता तिर्न भन्दै पत्र पठाएको थियो। असार २५ मा उक्त समय सकिएकाले प्राधिकरणले बिजुली काट्न सुरु गरेको हो।

प्राधिकरणले पनि मन्त्रिपरिषद्ले दिएको लाल आयोगको प्रतिवेदन कार्यान्वयन गरिरहेको दाबी गर्दै आएको छ। ट्रंकलाइनको हकमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा २० घण्टा निरन्तर बिजुली प्रयोग गरेको र डेडिकेटेड लाइनको हकमा निरन्तर २४ घण्टा बिजुली दिनुपर्ने सर्त थियो। यी सर्त पूरा हुने प्रमाण दिँदै उद्योगबाट अतिरिक्त रकम उठाउनुपर्ने आयोगले सिफारिस गरेको छ।

प्राधिकरण आफूले पनि आयोगको सिफारिसअनुसार नै उद्योगीहरूलाई बक्यौता भुक्तानी तिर्न ताकेता गरिरहेको बताउँछन्। उद्योगीहरू भने प्राधिकरणले ०७२ पुसदेखि ०७५ बैशाखसम्मको कुल बक्यौता रकममा थप २५ प्रतिशत शुल्क थपेर बिल पठाए पनि कुन दिनको कति बिजुली खपत गरेबापत कति बिल उठ्यो भन्ने यकिन तथ्यांक नपठाएको बताउँछन्।

प्राधिकरणले पनि उद्योगीहरूले मागेबमोजिमको तथ्यांक पठाएको दाबी गर्छ। यही असार २६ देखि प्राधिकरणले बिजुली काट्न सुरु गरेसँगै उद्योगीहरूले असार २७ मा बिजुली कटौती गरिएका उद्योगमा प्राधिकरणले बिजुली आपूर्ति नगरे बाँकी उद्योगमा आफैं बिजुली आपूर्ति बन्द गर्ने बताएका थिए। जसअनुसार अहिले उद्योगीले धमाधम आफैं विद्युत् काटिरहेको जनाएको छ । नेपालभरि अर्बौं रुपैयाँ विद्युत् महशुल बाँकी रहेको प्राधिकरणले जनाएको छ। लुम्बिनी प्रदेशमा मात्रै ३८ वटा उद्योगहरुको ४ अर्ब बढी ट्रंक र डेडिकेटेड लाइनवापतको महशुल बाँकी रहेको प्राधिकरणले जनाएको छ।

» *बाँकी ३ पेजमा*

# ओलीले लिए प्रधानमन्त्रीको सपथ

**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोमबार प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ गराएका छन्।

नवनियुक्त प्रधानमन्त्री ओलीले बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन्।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, झलनाथ खनाल र डा.बाबुराम भट्टराईसहित विभिन्न राजनीतिक दलका नेताहरू, सांसद, नेपाल सरकारका विशिष्ट अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा सामाजिक जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वहरूको सहभागिता थियो।

राष्ट्रपति पौडेलले आइतबार नेपालको संविधानको धारा, ७६ (२) बमोजिम नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए। प्रतिनिधिसभाका दुई ठूला राजनीतिक दल कांग्रेस र एमालेबीच यही असार १७ गते भएको सहमतिसँगै अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त भएका हुन्।

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त उप-प्रधानमन्त्री प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेललाई सोमबार पद तथा गोपनीयताको शपथ गराएका हुन्।

नवनियुक्त उप-प्रधानमन्त्री एवं शहरी विकासमन्त्री सिंह र उप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले सोमबार बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन्।

समारोहमा उप-राष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, झलनाथ खनाल र डा बाबुराम भट्टराई, विभिन्न राजनीतिक दलका नेताहरू, सांसद, नेपाल सरकारका विशिष्ट अधिकारी, सुरक्षा निकायका प्रमुख,



नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा सामाजिक जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वहरूको सहभागिता थियो।

**नवनियुक्त १९ मन्त्रीद्वारा शपथ ग्रहण**

राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त १९ मन्त्रीलाई सोमबार पद तथा गोपनीयताको शपथ गराएका हुन्।

नवनियुक्त मन्त्रीहरूले सोमबार बिहान राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन्।

नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ, गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी, परराष्ट्रमन्त्री डा.आरजु राणा, खानेपानीमन्त्री प्रदीप यादव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले पद तथा गोपनीयताको शपथ लिएका हुन्।

यसैगरी, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, रक्षामन्त्री मानवीर राई, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिएका छन्।

यसअघि सोही समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले पद तथा गोपनीयताको शपथ लिएका थिए। त्यसपछि उप-प्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेलले पद तथा गोपनीयताको शपथ लिएका थिए।

समारोहमा उप-राष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, झलनाथ खनाल, डा बाबुराम भट्टराई, विभिन्न राजनीतिक दलका नेताहरू, सांसद, नेपाल सरकारका विशिष्ट अधिकारी, सुरक्षा निकायका प्रमुख, नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा सामाजिक जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका विशिष्ट व्यक्तित्वहरूको सहभागिता थियो।



दैनिक लुम्बिनी

## सम्पादकीय

# उद्योगीलाई साथ देऊ

विद्युत् महसुल विवाद समाधान गर्न गठित आयोगले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरणले आनाकानी गरिरहेको बेला नयाँ सरकार आएको छ। प्राधिकरणले समस्यामा परेका उद्योगी व्यवसायीलाई सहजीकरण गर्नुको साटो जसरी पनि महशुस तिर्नैपर्ने अवस्था श्रृजना गरेपछि उद्योगी व्यवसायी आक्रोशित भएका छन् ।

उद्योगी र विद्युत् प्राधिकरणबीच विद्युत् महशुस भुक्तानीमा विवाद भएपछि सरकारले आयोग गठन गरी जुन पहलकदमी लियो, त्यसले उद्योगी व्यवसायी समस्या समाधान हुन्छ भन्ने आशामा थिए । तर प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ उद्योगीलाई पेलेर जाने मुडमा छन् । उनले महसुलका बारेमा विवादित उद्योगको बिजुली लाइन काट्न थालेका छन् ।

प्रतिवेदन बुझाएपछि पूर्व न्यायाधीश ग्रीसचन्द्र लालले जारी गरेको विज्ञप्तिमा डेडिकेटेड र ट्रंकलाइन दिएको भनिएको अवधिमध्ये २०७२ साउनदेखि २०७२ पुससम्मको अवधि महसुल निर्धारण आयोगबाट महसुल निर्धारण नभइसकेको उल्लेख छ । त्यस्तै २०७२ माघदेखि २०७५ बैशाखसम्मको समय आयोगबाट महसुल निर्धारित भएको अवधि र त्यसभन्दा पछाडि प्राधिकरणको सूचनाअनुसार नै लोडसेडिङ अन्त्य भइसकेको समय भनेर २ भागमा विभाजन गरिएको छ । नेपाल विद्युत् प्राधिकरणका यी सबै औद्योगिक ग्राहकहरूले, उद्योगहरूलाई नियमित लाग्ने सबै सामान्य शुल्क सामान्यतया समयभित्रै बुझाइसकेका छन् । लालले जारी गरेको विज्ञप्तिले प्राधिकरणले अनाधिकृतरूपमा बिल काटेको र बक्यौता भनी २७ अर्ब देखाउनु गलत रहेको प्रष्ट भएको छ । आयोगले गलत भनेको रकमलाई प्राधिकरणले असुल्ने योजना बनाएको छ ।

प्रतिवेदनमा २०७२ को माघदेखि २०७५ को वैशाखसम्म ट्रंक र डेडिकेटेड फिडर लिएका उद्योगहरूले प्रतिदिन उपभोग गरेको विद्युत्को प्रमाणअनुसार प्राधिकरणलाई महसुल बुझाउनुपर्ने सिफारिश गरिएको छ । २०७२ को माघअघि र २०७५ को वैशाखपछि पनि कतिपय उद्योगीले ट्रंक र डेडिकेटेड फिडरको महसुल तिरेका छन् । विद्युत् प्राधिकरणले असुल गरेको त्यो महशुल फिर्ता गर्नुपर्ने देखिन्छ । सरकारले आयोगको प्रतिवेदन कार्यान्वयनका लागि प्राधिकरणलाई निर्देशन दिए पनि घिसिङको बेवास्ताको कारण के हो ?

अब सरकारको प्राथमिकता उद्योगी व्यवसायीको समस्या समाधान गर्न हुनुपर्छ । सरकार प्राधिकरणसँगको विवाद समाधान नहुँदा निराश उद्योगीको सहरा बन्नुपर्छ । यो मामिलामा प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेल जानकार भएकाले समस्या समाधानको बाटो सहज छ भन्ने आशा गर्न सकिन्छ ।

# देशमा उद्योगको नारा मात्र छ



अच्युतप्रसाद पौडेल



मुलुकका सम्भावनाहरू गुज्रिसकेका छैनन् । औद्योगिक विस्तारबाट आर्थिक र सामाजिक विकासको ढोका खोल्न सकिन्छ । जमिन उर्वर नै छ, जलस्रोत पर्याप्त छ, वन, खानी र जैविक विविधतामा मुलुक धनी छ । भौगोलिक सुन्दरता र प्राकृतिक सम्पदा प्रशस्त छन् । सक्षम जनशक्ति तयार गर्दै मुलुकभित्रै रोजगारीको सिर्जना गर्न जरुरी छ । वैदेशिक रोजगारीबाट प्राप्त रकम उद्योगमा लगानी गर्न जरुरी छ ।

देशले १६औं योजना सुरु गर्दा पनि उद्योगहरू सपना वा राजनीतिक नारामा सीमित छन् । लोकतन्त्र, संघीयता र गणतन्त्रले सबै विषय ढाँट्यो, देशैभरि औद्योगीकम ग्रामहरू कुनैबेला त स्वास्थ्य केन्द्रहरू अनलाइनमै धेरै उद्घाटन गरिएजस्तै उद्योगका विषयमा पनि त्यस्तै गरिएको हो । तर, प्रतिफलमा उद्योग विस्तारभन्दा देशमा व्यापार विस्तार भएको छ र तुरुन्तै नाफा कमाई कार्यकर्ता पाल्ने काम भएको छ। उद्योग भएका पनि पनि रुग्ण वा सडेर बसेका छन् । उद्योगस्थलमा नसानसामा राजनीतिक छायाँ परेकाले औद्योगिक प्रतिष्ठान दलको कार्यालय वा यस्तैमा परेका छन्, या राजनीतिक भर्ती केन्द्रका रूपमा । पछिल्लो समय नारामा आएका औद्योगिक ग्राम विगत पाँच वर्षदेखि केही पैसा पाए तिनले, सञ्चालमा छैनन् । २०७६ सालपछि यस्ता ग्रामहरू स्थापना गर्ने प्रतिस्पर्धा भयो तर चलेका छैनन्, चलेको भनेको हाटबजारका लागि गुल्मीको एक हो ।

चीन र नजिकको भारतले स्थापना गरेको औद्योगिक अवधारण हाम्रो देशले लिन सकेन बरु रोजगारीका लागि युवा निर्यात गर्दै विप्रेषणले राज्यको ढुकुटी सञ्चालन गर्ने कार्य योजना तय भयो । उत्पादन र सेवा उद्योग संसारमा धेरै भएर नै देशले आर्थिक समृद्धि प्राप्ति गरेको वैश्विक वातावरण हाम्रो लोकतन्त्रले थाहा पाएन, बरु राजनीतिक उद्योग त्यो पनि बिनालगानीको धेरै सञ्चालित छन्, तर गरिबी न्यूनीकरण गर्दै उत्पादन वृद्धि गरे निर्यात वृद्धि गर्ने सपना हाम्रो लोकतन्त्रले देखेन । भन्सार राजस्व बढाएर विदेशबाट आयातीत सामानले देशको बजेट धान्ने परम्परा हाम्रो लोकतन्त्रको अभिलाषा हो र देश व्यापारघाटाले, ऋणले चुर्लुम्मै डुबेको छ । लगानी गर्नलायक पैसा खर्बौं रकम बैंकमा बसेको छ, ब्याजदर भारी मात्रामा घटेर पनि उद्यमीहरू लगानीमा आकर्षित देखिएका छैनन, उनीहरूको भनाइ सधैँ उही छ पर्खौं र हेरौं, राजनीतिको पानी मैलो भएको र संग्लिएपछि केही गरौंला भन्छन्, ती । जब उद्योगको भारी कमी हुन्छ देशमा विद्युत्को खपत हुन्न, रोजगारीको समस्या हुन्छ र देश कहिल्यै आत्मनिर्भर हुन्न अनि बिजुलीजस्तो कच्चा पदार्थ बेचेर संसारमा कुनै देश धनी भएको छैन । विद्युत्को आन्तरिक खपत बढाउन स्वदेशमै औद्योगिक वातावरण तय हुनुपर्छ, घरेलु प्रयोगबाट, केवल भाउ बढाएर मात्रै बिजुली प्राधिकरण कति दिन नाफामा बस्ला । हावा बेचेर दूरसञ्चार नाफामा जाने, विदेशी इन्धन ल्याएर उपभोक्ताको कम्मर भाँचेर आयल निगम नाफामा जाने देश हो हाम्रो । औद्योगिक विकास गरी पर्याप्त विद्युत् उत्पादन गरी इन्धन आयातमा कमी गर्ने हो भने देशको कायापलट हुन्छ । संसारमा तेलको भाउ घट्ने तर यहाँको भाउ बढ्ने देश हो हाम्रो, यसको विकल्प छैन र १ घण्टा इन्धन आयात रोक्ने हो भने सबै नेपालीहरूको ओठ मुख सुक्छ र यो कुरो विदेशीले राम्ररी बुझेका पनि छन् ।

सातै प्रदेशमा औद्योगिक क्षेत्र खुल्ने कुरा पनि कागजमा सीमित छ । सीमितबाहेक उद्योगहरू खुलेका छैनन् । भएका औद्योगिक क्षेत्रहरूमा उद्योग खुल्ने क्रम सन्तोषजनक छैन । विशेष आर्थिक क्षेत्र (सेज)मा पनि उद्यमीको आकर्षण देखिँदैन । हाम्रो मुलुकमा प्राकृतिक स्रोत प्रचुर मात्रामा छ । तुलनात्मक रूपमा भन्नुपर्दा श्रम मूल्य पनि कमै छ । स्थानीय कच्चा पदार्थको सदुपयोग गरी थप रोजगारी सिर्जना गर्दै औद्योगिक उत्पादनमा तीव्रता ल्याएर उत्पादनमा वृद्धि गरी उच्च आर्थिक विकासको परिलक्ष्य पूरा गर्न मुलुकलाई प्रविधिको खाँचो छ र वैदेशिक लगानीको पनि । आधुनिक प्रविधि, उच्च व्यवस्थापन, श्रमिकको उच्च मनोबल, पुँजीको अत्यधिक परिचालन, प्राविधिक सीपको भरपुर प्रयोग गरी बाह्य संसारमा गुणस्तरीय सामानको पहुँचबाट देशमा आत्मनिर्भरताको अवधारणा आजको मूल विषय हो । विश्व व्यापार संगठनलगायत धेरै अन्तर्राष्ट्रिय संघसंगठनको सदस्य राष्ट्र भइसकेको हाम्रो मुलुकका लागि आफ्नो उत्पादनको बजार मार्ग विश्वभरि खुलिसकेको छ । किन्तु उत्पादन र उत्पादकत्वको अवस्था नाजुक छ ।

मुलुकभर छरिएर रहेका उद्योगहरूलाई निश्चित थलोभित्र स्थापना गर्ने उद्देश्यले भौतिक पूर्वाधार तथा आवश्यक सेवा उपलब्ध गराउनेसमेत उद्देश्य लिएर काठमाडौंको बालाजु, ललितपुरको लगनखेल, मकवानपुरको हेटौंडा, बाँकेको नेपालगन्ज, सुनसरीको धरान, कास्कीको पोखरा, रूपन्देहीको बुटवल, सुर्खेतको वीरेन्द्रनगर, सप्तरीको राजविराज र भक्तपुरमा समेत गरी ११ औद्योगिक क्षेत्रहरू स्थापना गरिएका पहिले । ती क्षेत्रहरूमा स्थापित ४ सय उद्योगमध्ये झन्डै एक चौथाइ उद्योगहरू हाल बन्द छन् । केही उद्योग निर्माणाधीन अवस्थामा छन् भने औद्योगिक क्षेत्रका तर्फबाट कुल २० अर्बभन्दा बढी ती क्षेत्रहरूमा निजी क्षेत्रको समेत लगानी भइसकेको छ । औद्योगिक क्षेत्रभन्दा बाहिर पनि धेरै उद्योग स्थापनामा छन् । सञ्चालित उद्योगहरूको विगतको स्थिति अध्ययन गर्दा चिनी र सिमेन्ट उद्योगहरूको उत्पादन क्षमतामा ह्रास आएको थियो हाल केही माथि उठेका छन्, यिनीहरू । यिनको पर्याप्त उत्पादन नभएसम्म मुलुकले आयात प्रतिस्थापन गर्न सम्भव देखिन्न । साथै हामीलाई अत्यावश्यक वस्तुहरू पनि आफैँ उत्पादन गर्न नसकेकाले आयातको सम्भावना बढेको हो । वियर, जुटका सामान र जुत्ता उत्पादनमा भने तुलनात्मक दृष्टिले वृद्धि भएको छ, चुरोटको उत्पादनमा पनि । चाउचाउ, जुस, वनस्पति घ्यू, मदिरा उत्पादन पनि वृद्धि भएको छ ।

औद्योगिक क्षेत्रको समग्र विकासका लागि निजी क्षेत्र आकर्षित हुन जरुरी छ । राज्यको भूमिका सहजकारीका रूपमा रहने मात्र हो । राज्यले लगानी गरेका धेरै उद्योगहरू बन्द भइसकेका छन् भने चलेका उद्योगहरू पनि लगभग रुग्ण नै छन् । पूर्वाधार तयार गरी केही समयसम्म लगानी कर्ता ढुक्क हुन सक्ने वातारण तय गर्ने, नीति तय गर्ने, औद्योगिक शान्ति कायम गर्ने सरकारको कार्य हो । विगतमा लामो समय आन्तरिक द्वन्द्वमा फसेको नेपालको शान्ति सुरक्षा अहिले सन्तोषजनक देखिए पनि लगानी आकर्षित छैन । बन्द, हडताल, तालाबन्दी, आगजनीजस्ता त्रासदीय वातावरण मुलुकमा धेरै भए विगतमा । राजनीतिक अस्थिरताले मुलुक ग्रस्त भयो । औद्योगिक सुरक्षाबलको अवधारणा आए पनि कम्पनी, उत्पादक एवं वितरक सुरक्षाका दृष्टिमा ढुक्क हुन सकेनन् । भत्किएका औद्योगिक संरचनाहरू पुनः निर्माण हुन सकेनन् भने रुग्ण उद्योगहरूलाई पुनरुत्थान पनि गर्न सकिएको छैन ।

त्यस्तै, विदेशी एवं गैर आवासीय नेपालीहरूको लगानी तथा रेमिन्ट्यासलाई औद्योगिक क्षेत्रको विकासमा आकर्षित गर्न सकिएको छैन । श्रमको बिक्री गरेर प्राप्त विदेशी मुद्राको भरमा आर्थिक स्थिति सदाका लागि दिगो हुन्छ भन्ने मान्यता सदैव बोकिरहनु हुँदैन । देशमा औद्योगिक वातावरण तय गर्न जरुरी छ । हाल विद्युत्को ठूलो समस्या छैन । तुलनात्मक रूपमा भन्नुपर्दा शान्ति सुरक्षाको स्थिति सामान्य नै मान्नुपर्छ । त्यसो त मुलुक व्यापारको उच्च जोखिम मोल्दै छ । स्वदेशी एवं विदेशी लगानी आकर्षण गर्न राज्यले प्रयास गरेको भन्नुपर्छ । विगतमा दुईपटकसम्म अन्तर्राष्ट्रियस्तरको लगानी सम्पन्न भयो गत बैशाखमा तेस्रो सम्मेलन पनि भयो तर यसमा आकर्षण छैन ।

विगत एक दशकको औद्योगिक लगानी आँकडा हेर्दा खुसी मान्ने अवस्था छैन, तथापि १५औं योजनाको प्रारम्भ ताका अर्थात् २०७६ जेठ, असार एवं श्रावणको लगानी प्रतिबद्धताको आँकडा हेर्दा औद्योगिक वातावरणलाई सेवा पुग्ने खालको झलक देखिन्थ्यो, तर त्यसलाई देशलाई क्यास गर्न सकेन, अब त ढिलो भइसक्यो । २०७६ १ जेठदेखि आरम्भ भएको एकल बिन्दु सेवा केन्द्रले आफ्नो इज्जत जोगाएको देखिन्न यसमा पूर्वाधार नै छैन । आव २०६९-७० मा ९ अर्ब ४ करोड १५ लाख लगानीमा ४ सय ४६ उद्योग रहने र तिनले २८ हजार ५ सय ३५ जनालाई रोजगारी दिने प्रतिबद्धता व्यक्त भयो । आव २०७०-७१ मा २८ अर्ब ७८ करोड ७ लाखको लगानीमा ३ सय ७० वटा उद्योग खुल्नेगरी र २१ हजार ४ सय ८ जनाले रोजगारी पाउने प्रतिबद्धता भयो । आव २०७१-७२ मा देशमा भुइँचालोको सकस देखियो, यस आवमा १३ अर्ब ८७ करोड ५१ लाखको लागतमा ४ सय ६६ उद्योगले २२ हजार ७ सय ८५ जनाले रोजगारी पाउनेगरी उद्यमी व्यवसायीहरूले आफ्नो प्रतिबद्धता जाहेर गरे ।

आव २०७२-७३ मा १२ अर्ब १० करोड ७ लाखको लगानीमा ४ सय ९ बढी उद्योगले १८ हजार ७ सय ६० जनाले रोजगारी पाउन सक्नेगरी लगानी प्रतिबद्धता व्यक्त भयो, अर्को आव २०७३-७४ मा १६ अर्ब ३१ करोड ७४ लाखको लगानीमा ५ सय १० उद्योगबाट २७ हजार ३ सय ८२ जनाले रोजगारी पाउनेगरी लगानी प्रतिबद्धता भयो, आव २०७४-७५ मा ३५ अर्ब ७ करोड ३२ लाखको लगानीमा ४ सय ९८ उद्योगबाट २७ हजार ३ सय ८२ जनाले रोजगारी पाउनेगरी प्रतिबद्धता भयो २०७५-७६ मा २८ अर्ब २६ करोड ७९ लाखको लगानीमा ४ सय ३६ उद्योग स्थापना हुने र तिनले २२ हजार ९ सय ६१ जनालाई रोजगारी दिने प्रतिबद्धताहरू भए । त्यसपछि त प्रतिबद्धता पनि कम हुन थाले, प्रतिबद्धताको एक तिहाइ पनि लगानी आएन । अहिले सरकारले केही पुराना उद्योग सञ्चालन गर्ने भनेको पनि धेरै भयो साइत नै जुरेको छैन ।

आर्थिक विकासको मूलवाहक उद्योग र औद्योगिक लगानी नै हो । औद्योगिक विकासबाटै रोजगारी सिर्जना सम्भव छ । हाल आधाआधी जनता पराई मुलुकमा रोजगारीमा भौतारिएका छन् । वस्तु र सेवाको उपलब्धता यसैबाट सम्भव थियो । सार्वजनिक, निजी र सहकारी क्षेत्रको हातेमालोबाट चिनका सीजीनले देश आत्मनिर्भर गराएर संसारमा एकछत्र निर्यातक देश बनेको छ चीन तर हामी अरूको फोटो मात्रै नक्कल गर्छौं नेताका नाममा कोठामा सजाएर सत्ता चढ्ने भरेंग बनाउँछौं, माओले के गरे देंग सिआओ ले के गरे हेर्दैनौं । गरिबी निवारणको एक मात्र उपाय भनेको उद्योग धन्दाहरू फस्टाउनु नै हो, चीन हामीजस्तै गरिब थियो पहिले । उत्पादन र उत्पादकत्वको वृद्धिबाट देशको कायापलट भयो । स्थानीय स्रोत र साधन, प्रविधिको उच्चतम उपयोग, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनबाट देशको मुहार हँसिलो हुन्छ । वैदेशिक लगानीका लागि नवीनतम प्रविधि भित्त्याउन जरुरी छ ।

मुलुकको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने नेतृत्व नै पाएन देशले । श्रम नीतिलाई उद्योगमैत्री बनाइनु जरुरी छ । औद्योगिक क्षेत्रमा पूर्वाधारको पर्याप्त विकास जरुरी छ । उद्योगलाई प्रतिस्पर्धी बनाउन जरुरी छ । सञ्चालित उद्योगहरूलाई रुग्ण हुनबाट बचाउन जरुरी छ । विगतमा भएका रुग्ण उद्योगलाई पुनर्स्थापना गर्न आवश्यक छ । नयाँनयाँ प्रविधिको विकासबाट मुलुक आत्मनिर्भर बनाउन देशमा भरपुर लगानी वृद्धि हुन जरुरी छ । औद्योगिक नीतिलाई आर्थिक ऐनले समर्थन गर्ने हुनुपर्छ । यसका लागि औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धि गर्ने राज्यको लक्ष्य हो, तर खै प्रगति ?

राजधानीबाट

# नेप्से परिसूचक १७ अङ्कले घट्यो



काठमाडौं । यो साता कारोबारको पहिलो दिन आइतबार उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन भने दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १७ दशमलव १८ अङ्कले घटेर दुई हजार दुई सय ४० दशमलव ४१ को विन्दुमा कायम भएको हो ।

तीन सय ३२ कम्पनीको दुई करोड ५० लाख ७९ हजार ७९ कित्ता शेयर एक लाख दुई हजार तीन सय ७२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७३ करोड १४ लाख ३६ हजार ३७ बराबरको कारोबार भएको छ ।

जलविद्युत् समूह शून्य दशमलव ७३, लगानी एक दशमलव ७०, उत्पादन तथा प्रशोधन शून्य दशमलव १२ र म्युचुअल फण्ड एक दशमलव ६७ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ एक दशमलव ४८, विकास बैंक एक दशमलव ८९, वित्त शून्य दशमलव ५२, होटल तथा पर्यटन एक दशमलव ७६ र जीवन बीमा समूह एक दशमलव ६५ प्रतिशतले घटेको छ । लघुवित्त एक दशमलव ४१, निर्जीवन बीमा शून्य दशमलव ९१, व्यापार शून्य दशमलव ५२ र अन्य समूह एक दशमलव १९ प्रतिशतले घटेको छ ।

सिभिल बैंक डिभेञ्चर-२०८८ र माण्डु हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको रु ३७ अर्ब आठ करोड ७२ लाख पाँच सय ८९ बराबरको २१ लाख ७४ हजार सात सय २८ कित्ता शेयर किनबेच भएको छ ।

# मनसुनसँगै नाइरोबी फ्लाईको सक्रियता बढेको हो ?

**डा. शेरबहादुर पुन**
*सरुवारोग विशेषज्ञ*



मौरी जस्तो देखिने रातो-कालो रंगको नाइरोबी फ्लाई नेपालमा फेरि सक्रिय देखिएको छ । सन् २०२२ को यही समयमा (मनसुन) नाइरोबी फ्लाई नेपालको विभिन्न ठाउँमा देखिएको थियो । नाइरोबी फ्लाईले टोक्ने होइन तर शरीरको कुनै भागमा बसेको अवस्थामा छुँदा, थिचिंदा वा मिचेको अवस्थामा 'पेडेरिन' नामक विषाक्त रसायन निकालेर छालामा जलन पैदा गर्ने, फोका उठ्ने, घाउ हुने र दागहरु गराउने गर्छ ।

यस्तो समस्या १२ देखि ३६ घण्टामा देखिने गर्छ । सो रसायन आँखामा परे (मुख्यतया विषाक्त रसायन लागेको हातले आँखा चिलाउँदा) रातो हुने, चिलाउने, जलन हुने, सुन्निने हुने गर्छ । यस्तो अवस्थालाई 'नाइरोबी आँखा' भन्ने पनि गरिन्छ ।

नेपालमा गरेको एक अध्ययनले 'नाइरोबी आँखा' विशेषगरी मनसुन सिजनमा देखिने गरेको देखाएको छ । यस अध्यनबाट पनि नाइरोबी फ्लाई नेपालमा मनसुन सिजनमा देखिने वा सक्रिय हुने गरेको देखिन्छ । सन् २०२२ र हाल मनसुन सिजनमा नाइरोबी फ्लाई देखिएकोबाट पनि नाइरोबी फ्लाईको जोखिम नेपालमा मनसुन अवधिमा हुने देखिन्छ । भारत र तराईमा देखिंदै आइरहेको नाइरोबी फ्लाई हाल नेपालको पहाडी क्षेत्रतिर पनि देखिन थालेको छ ।

हुन त सन् २०२२ मा भुटान जस्तो हिमाली देशमा नाइरोबी फ्लाईका कारण ३०० जनाभन्दा बढी बिरामी देखिएको थियो भने जलवायु परिवर्तन यसको एक प्रमुख कारक मानिएको छ । सन् २०२२ को जुन-जुलाईमा भारतको सिक्किम र पश्चिम बंगाल, भुटानका केही ठाउँ र नेपालको बिर्तामोड र धरान क्षेत्रमा एकपछि अर्को गर्दै नाइरोबी फ्लाईको प्रभाव देखिएको थियो ।

सामान्यतया छालामा देखिने समस्या एकदेखि चार हप्तासम्ममा निको हुँदै जान्छ । तर ब्याक्टेरियाको संक्रमण देखिए चिकित्सकको परामर्शमा औषधि लिनु नपर्ने हुनसक्छ । रोगले जटिलताको स्वरुप लिएमा ज्वरो आउने, जोर्नी दुख्ने, बान्ता हुने जस्ता समस्या देखिन्छन् । तर समयमा उपचार गरे रोग निको हुने गर्छ ।

**बच्न के नगर्ने, के गर्ने ?**

- शरीरमा नाइरोबी फ्लाई बसेको रहेछ भने हातले नछुने, नथिच्ने वा नमिच्ने
- उज्यालोमा नाइरोबी फ्लाई आकर्षित हुने भएकोले बत्तीमुनि काम नगर्ने वा आराम नगर्ने
- राति झुलभित्र सुत्ने
- शरीरमा लामो बाहुला भएको लुगा लगाउने
- झ्यालढोकामा जाली राख्ने वा अनावश्यक खुल्ला नराख्ने
- यदि नाइरोबी फ्लाई शरीरको छाला वा लुगामा बसेको रहेछ भने बिस्तारै नछोइकन टक्टकाएर वा फुकेर खसाल्ने वा हातले नछोइकन कुनै चीज (जस्तै ब्रस, काठ वा अरु समान) को सहायताले झार्ने
- यदि हातले नाइरोबी फ्लाई छोएको अवस्थामा तुरुन्त साबुन पानीले हात धुने

पेडेरिन विषाक्त छालामा छेड्ने प्रक्रिया बिस्तारै हुने भएकाले छिटो साबुन पानीले हात धुँदा धेरै हदसम्म विषाक्त रसायन पखालिएर जाने र छालामा कम हानि पुग्छ ।

नेपालमा मनसुन सिजनमा देखिंदै आएका विभिन्न रोगमध्ये नाइरोबी फ्लाईले नयाँ स्वास्थ समस्याको रुपमा निरन्तरता पाउन लागेको त होइन भन्ने प्रश्न खडा भएको छ । हेर्दा सामान्य कीराको टोकाइ मात्र जस्तो देखिए पनि जनचेतनाको कमीले छाला, आँखा तथा शरीरमा विभिन्न अंगमा जटिलता देखिन सक्ने भएकाले मनसुन सिजनमा यो कीराको पहिचान गर्ने तरिका (फोटो मार्फत् अझ बढी प्रभावकारी हुनसक्ने) तथा यसको टोकाइ र विषाक्त रसायनबाट बच्ने उपायको बारेमा पर्याप्त जानकारी दिन सके नाइरोबी फ्लाईको जोखिमबाट बच्न सकिने छ । किनभने आगामी वर्षहरुको मनसुन सिजनमा नाइरोबी फ्लाई फौजी कीराको प्रभाव जहाँ जुनसुकै ठाउँमा देखिन पनि सक्ने अवस्थालाई नकार्न सकिंदैन ।

# केरा खेतीतर्फ किसानहरूको आकर्षण बढ्दो



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा केरा खेतीतर्फ किसानहरुको आकर्षण बढेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत किसानहरूलाई केराखेती गरी आयआर्जन गर्न उद्देश्यले प्राविधिक सहयोग, अनुदान, केराको बोट वितरण केरा थोपा सिँचाइ प्राविधिलगायत विभिन्न सेवा सुविधाहरू उपलब्ध गराएपछि किसानहरूको केराखेतीतर्फ आकर्षण बढेको हो ।

कम लगानीमा बढी फाइदा हुनाले केराखेतीतर्फ किसानहरुको आकर्षण बढेको पाइएको छ । अझ केराखेतीमा युवा किसानहरुको आकर्षण बढ्दो रहेको पाइएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ रुपन्देहीले नवलपरासी पश्चिम जिल्ला र रुपन्देही जिल्लामा दुबैमा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

परियोजना कार्यान्वयन एकाइ रुपन्देहीले जिल्लाको प्रतापपुर र सुस्ता गाउँपालिकाको वडाहरुमा केरा जोन कार्यक्रम सञ्चालन गरी केरामा थोपा सिँचाइ, केराको चिप्स बनाउने अनुदान प्राविधि उपकारण, बोट बिरुवालगायतमा अनुदान दिइ किसानहरुलाई राहत दिने कार्यले केरा किसानहरु केरा लागउनतर्फ अग्रसर बन्दै गएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ रुपन्देहीका प्रमुख नारायण काफ्लेले बताए ।

उनको अनुसार केरा जोन कार्यक्रममार्फत् प्रतापपुर गाउँपालिकाको वडा नं ५, ६, ७ र ८ तथा सुस्ता गाउँपालिकाको वडा नं. ३,४ र ५ केरा जोन कार्यक्रमअन्तर्गत १४ सय हेक्टरमा केराखेती भइरहेको हो ।

पछिल्लो पटक गुणस्तरी बिरुवा प्रयोग गर्नेमा क्षेत्रफल वृद्धि भएको एक सय २० हेक्टरमा बिरुवा दिइ केराखेती गरिरहेको र बिरुवा अभाव भएकोले टिसु कल्चारबाट बिरुवा ल्याई प्रवर्द्धन गरी गुणस्तरी बिरुवा वितरण गरेको र यसले लगत कम लाग्ने भएकोले केरा खेतीतर्फ आकर्षण बढेको पाइएको प्रमुख काफ्लेले बताए । उनले भने-'केरा खेती गर्न किसानलाई आकर्षण निकै बढी देखिएको, उत्पादन वृद्धि गर्ने क्षेत्रफल बिस्तार गर्ने युवाहरु बढी देखिएको, पहिला ५, १० कठ्ठा गर्ने युवाहरु अहिले २० कठ्ठादेखि बढाएर डेढ बिगाहसम्म केराखेती गरिहेका छन् ।'

केरा जोनमा हाल १४ सय हेक्कटरमा बढी क्षेत्रमा विभिन्न तरिकाले क्षेत्रफल बिस्तार, सिँचाइ पूर्वाधार, बिरुवा प्याकिङ्ग प्राविधिमा सहयोग गरिएको प्रमुख काफ्लेले बताए ।

केरा खेती गर्न किसानलाई उन्नत प्रविधिको केराको बोट, ५० प्रतिशत अनुदान, माटो जाँचको व्यवस्था, साना सिँचाइको व्यवस्था, प्राविधिक सुविधालगायत रोग नलाग्न नदिने व्यवस्थासहितको सुविधा उपलब्ध गराइएको एकाइ प्रमुख काफ्लेले जानकारी दिए । उनले उत्पादन भएको केरालाई बजारीकरण गर्न बजारसँग जोडिएको केराको राइपेनिङ्ग च्याम्बर स्थापना गरिएकोले यसले किसानलाई बजारीकरण धेरै सहज भएको बताए ।

प्रतापपुरका केरा किसान बेचन कुशवाहले परियोजना केराको राईपेनिङ्ग च्याम्बर स्थापना भएपछि विषादीरहीत रहेकोले केरामा कलर आउने, बेच्न समय नलाग्ने, स्वास्थ्यको लागि राम्रो हुनेभएकोले बजारमा केराको माग बढी हुने भएकोले किसानलाई धेरै सजिलो भएको बताए ।

किसानको बजारमा पहुँच र ढुवानीमा धेरै सजिलो भएको कुशवाहले जनाए । सुस्ताका केरा किसान महातम हरिजनले केरा खेतीमा थोपा सिँचाइ प्राविधिले केराखेती गर्न धेरै सजिलो भएको र लगानी कम, उत्पादनमा वृद्धि हुने तथा आम्दानी वृद्धि भएकोले किसानहरुलाई धेरै राहत भएको बताए ।

परियोजनाले २१ सय बिगाहमा केरा जोन कार्यक्रम सञ्चालन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रुपन्देहीका जीवन पौडेलले जानकारी दिए । उक्त क्षेत्रमा हाइर्विड, हारिछाल भुजरी प्रजातिका केरा उत्पादन हुने गरेको छ ।

# देवदह ५ बालमैत्री तथा वातावरणमैत्री वडा घोषणा




**गोविन्द घर्ती**

*देवदह*

रुपन्देहीको देवदह नगरपालिका-५, लाई बालमैत्री तथा वातावरणमैत्री वडा घोषणा गरिएको छ । घोषणासंगै देवदह नगरपालिकामा पहिलो बालमैत्री तथा वातावरणमैत्री वडा भएको छ ।

एक कार्यक्रमका बीच जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले बालमैत्री वडाको प्रमाणपत्र प्रदान गरेका छन् ।

वडाले विभिन्न ५१ वटा सूचक पूरा गरेको र जिल्ला समन्वय समिति रुपन्देहीको अनुगमन समितिले स्वीकृत प्रदान गरेपछि देवदह-५, लाई बालमैत्री वडा घोषणा गरिएको हो । देवदह नगरपालिकाले यस आर्थिक वर्षमा २ वटा वडालाई बालमैत्री वडा घोषणा गर्ने गरी अभियान सञ्चालन गरे पनि वडा नम्बर ५ लाई बालमैत्री वडा घोषणा गर्न सफल भएको छ ।

बालमैत्री वडा घोषणा गर्न लामो सयमको अभियानले मात्र सफल भएको देवदह-५, का वडाध्यक्ष गणेश डुम्रेले जानकारी दिए ।

बालमैत्री वडा घोषणा गर्नको लागि ६ वटा टोलस्तरीय बालक्लब गठन, ४ वटा विद्यालयस्तरीय बाल क्लब, बालविवाहलगायतको काम गरेपछि मात्र बालमैत्री वडा घोषणा गर्न जिल्ला समन्वय समितिले स्वीकृत प्रदान गरेको कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै वडाध्यक्ष डुम्रेले जानकारी दिए ।

सो अवसरमा बोल्दै जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले वडालाई बालमैत्री तथा वातावरणमैत्री वडा घोषणा गरेर मात्र हुँदैन, त्यसको दीगोपना र सुनिश्चिता आवश्यक रहने बताए । उनले बालमैत्री घोषणा गर्न धेरै चरण पार गर्नुपर्ने बताउँदै त्यसलाई निरन्तरता दिन आग्रह गरे।

प्रमुख चपाईंले बालमैत्री वडा घोषणाले नगरको विकासमा इट्टा थप्ने काम गरेको बताए । उनले संस्कारयुक्त समाज निर्माण गर्न यस्ता सूचकहरुले महत्वपूर्ण भूमिका खेल्नेमा जोड दिए । सोही अवसरमा बोल्दै नगर प्रमुख ध्रुवप्रसाद खरेलले देवदह नगरपालिकालाई आगामी २०८२ सम्म बालमैत्री नगर घोषणा गर्ने गरी अभियान सञ्चालन गरिरहेको जनाए ।

उनले बालमैत्री घोषणा गरेसँगै चुनौती थपिएको बताउँदै चुनौतीलाई सामना गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिए । उनले सबैको साथ र सहयोगले मात्र वडा नम्बर ५, लाई बालमैत्री वडा घोषणा गर्न सकिएको बताए । उनले सबै नागरिकले सहयोग गरेमात्र बालमैत्री नगर घोषणा गर्न सकिने बताउँदै बालअधिकारको बारेमा आमनागरिक सचेत हुनु पर्ने औंल्याए । उनले युवाहरुलाई स्वदेश रहने वातावरण तयार गर्न आवश्यक रहेको बताए ।

देवदह नगरपालिका-५, का वडाध्यक्ष गणेश डुम्रेको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख विद्यालक्ष्मी गुरुङ्ग, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, नेपाली कांग्रेसका सभापति गुनाखर भुर्तेल, बाल सञ्चाल देवदह-५, का अध्यक्ष सृजना गैरे, बालसञ्जालका पूर्वअध्यक्ष दिया न्यौपाने, बालसञ्जाल देवदहका सचिव संस्कृति घर्तीलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

टोल विकास संस्थाका प्रतिनिधि, आमा समूहका प्रतिनिधि, बालसञ्जालका प्रतिनिधिहरुको सहभागिता रहेको प्रभातफेरी वडा कार्यालयबाट शुरु भइ नगरपालिकाको सभाहलमा पुगेर सभामा परिणत भएको थियो ।

सोही अवसरमा बालमैत्री वडा घोषणा गर्ने अभियानमा सक्रिय रुपमा लाग्नेहरुलाई सम्मान समेत गरिएको थियो । बालमैत्री शासनका फोकल पर्सन शिक्षा अधिकृत प्रर्शुराम ढकालको स्वागत र बबिता भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# एक सय ३२ विद्यार्थीलाई 'मेयर छात्रवृत्ति'

रामपुर (पाल्पा) । जिल्लाको रामपुर नगरपालिकाले 'मेयर छात्रवृत्ति'कार्यक्रमलाई निरन्तरता दिँदै आइरहेको छ । चार वर्षदेखि नगरमा उक्त कार्यक्रम सञ्चालन भएसँगै यसको प्रभावकारिता पनि बढ्दै गएको छ ।

नगरपालिकाले ल्याएको 'मेयर छात्रवृत्ति'कार्यक्रमबाट यस वर्ष एक सय ३२ विद्यार्थी लाभान्वित भएका छन् । विपन्न, गरिब, असहाय बालबालिकाको पठनपाठनमा सहयोग गर्ने उद्देश्यले उक्त कार्यक्रममार्फत् छात्रवृत्ति रकम उपलब्ध गराउँदै आइरहेको नगरप्रमुख रमणबहादुर थापाले जानकारी दिए ।

उनका अनुसार चालु आर्थिक वर्षमा नगरभित्रका २१ सामुदायिक विद्यालय र एउटा क्याम्पसका साधारण र उच्च प्राविधिक तथा विज्ञानतर्फ अध्ययनरत एक सय ३२ विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराइएको हो ।

नगरपालिकाले रु चार लाख ६६ हजार छ सय छात्रवृत्तिस्वरुप वितरण गरेको जनाउँदै नगरप्रमुख थापाले छात्रवृत्ति पाउनेमा साधारतर्फ एक सय २४ र उच्च प्राविधिक तथा विज्ञानतर्फ आठजना विद्यार्थी रहेका बताए ।

साधारणतर्फ बालहित, वीरेन्द्र, कालिका, अकला, मदरसा नुरुलहोदा अहले सुन्नत, बीपी आदर्श र शारदाशरण प्राविका दुई/दुईजना विद्यार्थी छनोट रिएको थियो । रामपुर आधारभूत विद्यालयमा चार, दरैठाँटी माविमा १०, रामतुलसी नमूना माविमा १४ जना विद्यार्थी छनोट भएका नगर शिक्षा अधिकृत विकल काफ्लेले जानकारी दिए । उनका अनुसार गङ्गा, सीता, सरस्वती, कृष्णादेवी, आधारभूत, जनविकास, नवदुर्गा, कालिका र सीताराम माविबाट छ/छ जनाले रु १५ हजारका दरले छात्रवृत्ति पाएका छन् ।

उच्च प्राविधिक तथा विज्ञानतर्फ दरैठाँटी माविमा दुईजनालाई रु आठ हजार, आधारभूत मावि र रामतुलसी नमूना माविमा तीन/तीनजनालाई छात्रवृत्तिस्वरुप रु १२/१२ हजार रकम वितरण गरिएको छ । साथै शहीद बहुमुखी क्याम्पस रामपुरमा भर्ना भएका २४ जना दलित समुदायका विद्यार्थीलाई भर्ना शुल्कबापत रु दुई लाख १६ हजार छ सय प्रदान गरिएको नगर शिक्षा अधिकृत काफ्लेले जानकारी दिए । उनका अनुसार नगरले विद्यार्थीको अवस्था र संख्याको अनुपातका आधारमा



छात्रवृत्ति दिँदै आएको छ ।

यो कार्यक्रम नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि सुरु गरेको हो । 'मेयर छात्रवृत्तिकोष' अन्तर्गत सञ्चालित कार्यक्रमका लागि पहिलो वर्ष रु पाँच लाख बजेट विनियोजन गरिएकामा रु दुई लाख २४ हजार एक सय ८० रकम बराबरको छात्रवृत्ति प्रदान गरिएको थियो ।

गत आवमा गङ्गा माविका र रामपुर आधारभूत विद्यालयका चार/चार, आधारभूत मावि र दरैठाँटी माविका समान पाँच, रामतुलसी नमूना माविका छ, नवदुर्गा माविका १०, शहीद बहुमुखी क्याम्पसका ३३ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको थियो ।

नगरप्रमुख थापाले 'मेयर छात्रवृत्ति'कार्यक्रमको प्रभावकारिता नगरमा बढ्दै गएको बताए । आर्थिक समस्याका कारण पठनपाठन बीचमा छोड्न बाध्य भएका गरिब, विपन्न, असहाय बालबालिकालाई उक्त कार्यक्रमले सहयोग गरिरहेको उनको भनाइ छ ।

"छात्रवृत्ति रकम वितरणले विद्यार्थीमा उत्साह बढेको छ, शैक्षिक क्षेत्रमा नगरले प्राथमिकता दिएर काम गरिरहेको छ, आर्थिक अभावमा कोही पनि बालबालिका विद्यालय जानबाट वञ्चित हुनदिने छैनौं ।"- नगर प्रमुख थापाले भने । बालबालिका भविष्यको आधार हुन्, पूर्वाधार विकाससँगै बालबालिकाको शिक्षाका लागि नगरपालिका प्रतिबद्ध भएर लागेको उनले जनाए । असहाय बालबालिकाको संरक्षणका लागि नगरको तर्फबाट र अन्य सङ्घसंस्थासँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्दै आइएको नगरप्रमुख थापाले जानकारी दिए । यहाँ विसं २०७४ पछि जन्मिएका बालबालिकालाई स्नातकोत्तर तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने नीति नगरपालिकाले लिएको उनको भनाइ छ । उनका अनुसार नगरले तीनजना बेसहारा बालबालिकालाई बालउद्धार कोषमार्फत् रु २० हजार सहयोग गरिरहेको छ ।

# क्याननमा हस्तलेखन प्रशिक्षण



बुटवल । रुपन्देहीको बुटवल उपमहानगरपालिका वडन नम्बर ८ मा रहेको क्यानन माध्यमिक विद्यालयले विद्यार्थीहरुबीच हस्तलेखन प्रशिक्षण गरेको छ ।

विद्यालयले शैक्षिक क्यालेण्डरअन्तरगत असार १६ देखि २१ गतेसम्म कक्षा पीजीदेखि १० सम्मका विद्यार्थीहरुबलाई नेपाली र अंग्रेजी भाषामा प्रशिक्षण गराइएको थियो ।

प्रशिक्षणपश्चात् लिइएको परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई आइतबार सम्मान तथा पुरस्कृत गरिएको थियो । विद्यालयका प्राचार्य शंकर भण्डारी, मा.वि. संयोजक सुरेश घिमिरे र नि.मा.वि. संयोजक विजय पराजुलीले पुरस्कार वितरण गरेका थिए । कार्यक्रमको सञ्चालन अतिरिक्त क्रियाकलाप संयोजक मिनराज गिरिले गरेका थिए ।

एक हप्तासम्म सञ्चालन भएको उक्त प्रशिक्षणमा ओमप्रकाश बस्यालको संयोजकत्वमा सात सदस्यीय ट ा ि ल ल े विद्यार्थीहरुलाई प्रशिक्षण गरेको थियो ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

**मितिः २०८१/०३/३१ को**

**सुनचाँदीको बजारभाउ**

**छापा सुन प्रति तोला : १,४७,४००**

**तेजावी सुन प्रति तोला : १,४६,७००**

**चांदी प्रति तोला :१,९१५**

**उद्योगको...**

लुम्बिनी प्रादेशिक कार्यालय बुटवल अन्तर्गत पाल्पामा २ वटा, बुटवलबाट ४, अमुवाबाट २, भैरहवाबाट ८, नयाँमिलबाट १२, अर्घाखाँचीबाट १ र परासी वितरण केन्द्रबाट ४ गरी ३३ वटा उद्योगहरुको २ अर्ब बढी बक्यौता सार्वजनिक भएको छ ।

यस्तै, लुम्बिनी प्रदेशकै नेपालगन्ज वितरण केन्द्रबाट १ वटा, घोराहीबाट २, लमही १ र रोल्पाको १ वटा गरि ५ वटा उपभोक्ताको २ अर्ब हाराहारी बक्यौता प्राधिकरणले देखाएको छ । यसमध्ये रुपन्देहीमा मात्र २६ उद्योगको बक्यौता देखिएको छ । प्राधिकरणले उद्योगीलाई ट्रंक लाइन महशुल प्रयोग गरेको भनिएको अवधिमा उद्योगीले दैनिक ८ घण्टासम्म लोडसेडिङको मार खेप्दै आएको दाबी गरेका छन् ।

यस करिडोरमा गोयन्का फुड्स, घराना फुड्स, श्याम प्लाष्टिक उद्योग, भलवारी स्वाचालीत चामल कारखाना, एस.आर. फुड्स, सिद्धार्थ पेट प्लाष्ट इण्डष्ट्रिज, पञ्चकन्या प्लास्टिक ईण्डष्ट्रिज, पञ्चकन्या स्टिल, सोना प्याकेजिङ, एसआर स्टिल, नवनेपाल प्लास्टिक ईण्डष्ट्रिज, शुभलक्ष्मी पोलिमर्स, नेसनल रबर ईण्डष्ट्रिज, जयदुर्गा प्लास्टिक, सोना पोलिमर्स ईण्डष्ट्रिज, यशोदा फुड प्रालि, प्रिया प्याकेजिङ, एजी हेल्थ उद्योग, एभरेस्ट रोलिङ, लुम्बिनी फ्लोर मिल, फेरो स्टिल प्रालि, लुम्बिनी पिएससी ईण्डष्ट्रिज र जीबी टेक्सटाइल रहेका छन् ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## स्वास्थ्यमा लुम्बिनीको चुनौतीः

# किशोरीमा रक्त अल्पता डरलाग्दो

**दशरथ घिमिरे**

*दाङ*

स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगती विवरण सार्वजनिक गरेको छ । २३ बुँदे उपलब्धि सार्वजनिक गर्दै स्वास्थ्य मन्त्री दिपेन्द्र पुनले स्वास्थ्य, शिक्षा र कृषिलाई एकिकृत रुपमा सञ्चालन नगर्दासम्म सुरक्षित समाज निर्माण हुन नसक्ने बताए ।

'स्वास्थ्यप्रति कसैको चिन्ता र चासो देखिएन। एकल चिन्ता र चासोले पनि हुँदोरहेनछ,' उनले भने-'स्वास्थ्य मन्त्रालयको एक्लो प्रयासले सबै पक्ष सुधार गर्न नसकिदो रहेछ । त्यसैले स्वास्थ्य, शिक्षा र कृषिलाई एकिकृत रुपमा अघि बढाउनु जरुरी छ ।' स्वास्थ्य मन्त्री पुनले पाठेघर खस्ने रोगको पहिचान भई शल्यक्रिया गर्न नपाएका रोल्पा, प्यूठान र रुकुम पूर्वलगायतका स्थानका एक सय ३७ जना महिलाहरुको पाठेघरको निःशुल्क सल्यक्रिया गर्न सफल भएको विषयलाई उपलब्धिको रुपमा प्रस्तुत गरेका छन् ।

एक वर्षको अवधीमा २० जना प्रदेशवासीको आँखाको क्रनियाको निःशुल्क ट्रान्स्प्लान्ट गरिएको, पृथ्वीचन्द्र अस्पताल नवलपरासीमा आगलागीबाट नष्ट भएको प्रयोगशाला आवश्यक औजार उपकरण खरिद गरेर तत्काल सञ्चालनमा ल्याएको, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीलाई अत्याधुनिक थुलियम लृसर मेशिन र हाईईन्डयूएसजी मेशिन हस्तान्तरण गरिएको छ । भालुबाङ अस्पतालको ३६ जनाको अस्थायी दरबन्दी संरचना स्विकृत गरिएको छ। राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा १०, बर्दिया अस्पताल गुलरियामा ६, कपिलवस्तु अस्पताल तौलिहवामा ५, गुल्मी अस्पताल तम्घासमा ५, प्यूठान अस्पताल प्यूठानमा ३ र पृथ्वीचन्द्र अस्पताल नवलपरासीमा ५ वेड हमोडाइलाइसिस सेवा स्थापना तथा विस्तार गरिएको स्वास्थ्य मन्त्रालयले उपलब्धिमा राखेको छ।

लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा एनआइसीयू र बर्दिया अस्पताल, कपिलवस्तु अस्पताल र भिम अस्पताल भैरहवामा एसएनसीयू सेवा विस्तार तथा सुदृढिकरण गरिएको छ। पाल्पा अस्पताल तानसेनमा आँखा उपचार सेवा विस्तार गरिएको छ । क्यान्सर रोग लागेका एक हजार दुई सय २४ जना, मुटुको भल्भ फेर्ने १६ जना र मृगौला प्रत्यारोपण गरेका ३८ जनालाई उपचारमा अनुदान प्रदान गरिएको छ। ८० वर्ष पुगेका ४६ हजार ७४ जना ज्येष्ठ नागरिक र अति अशक्त क र ख वर्गका अपांगता भएका व्यक्तिहरुलाई घरमै पुगेर स्वास्थ्य उपचार गरिएको छ। ४० वर्ष माथिका १९ हजार तीन सय ३२ जनाको नसर्ने रोग सुगर, प्रेसर र मृगौला रोगको स्क्रिनिङ गरिएको छ। प्रदेशका दुई सय ७२ वटा विद्यालयमा ४२ हजार दुई सय ७५ जना किशोरीहरुको रक्तअल्पता स्क्रिनिङ गरिएको, जस मध्य ११ हजार १९ जना किशोरीहरुमा रक्त अल्पताको अवस्था पहिचान भएको छ । यि किशोरीहरुलाई आइरन चक्कि वितरण गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

**खोपमा ड्रप आउट**

लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्ला पूर्णखोप सुनिश्चता भएसँगै प्रदेशभित्रका सबै जिल्ला पूर्णखोप सुनिश्चिता भएको जानकारी गराइएको छ । १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि प्रदेशलाई पूर्णखोप सुनिश्चिता भएको उल्लेख गरिएको छ। १६ महिना देखि ५९ महिनासम्मका दुई लाख ६२ हजार ८ सय ५६ बालबालिकामध्ये दुई लाख ६० हजार तीन सय ८३ जना बालबालिकाले पूर्णखोप पाएको स्वास्थ्य मन्त्रालयका सचिव डा.बासुदेव उपाध्यायले जानकारी दिए । यद्यपी औपचारिक कार्यक्रम गरेर पूर्णखोप सुनिश्चिता भएको घोषण गर्न भने बाँकी छ।




प्रदेशमा एक सय ३० जना बालबालिकाले एक पटक पनि खोप नलगाएको भेटिएको छ । यसरी खोप लगाउन छुटेका बालबालिकालाई यस वर्ष खोप दिइएको छ। यसका साथै बीचमा खोप लगाउन छुटेका तर, यस वर्ष खोप लगाएका बालबालिकाको संख्या दुई हजार तीन सय ४३ जना रहेको छ। खोपमा ड्रपआउट बालबालिका धैरै भेटिएको मन्त्रालयले जनाएको छ। केही समुदायभित्र अझैं पनि खोपप्रति नकारात्मक धारणा रहेकाले ति समुदायका बालबालिकाहरु खोप लगाउन छुटेको र ड्रपआउट हुने देखिएको मन्त्रालयले जनाएको छ । 'तराईका केही समुदाय भित्र अझैं पनि खोप प्रतिको भ्रम अझैं छ। उनीहरुलाई खोपको दायरामा ल्याउनका लागि व्यापक जनचेतनाको खाँचो छ। विद्यालय तहबाटनै यसलाई पठनपाठनको माध्यमको रुपमा ल्याउनुपर्ने छ,' स्वास्थ्य सचिव उपाध्यायले भने-'अभिभावकलाई सचेत मात्रै उनीहरुलाई जिम्मेवार बनाउन जरुरी छ। यो एकल प्रयासले मात्रै सम्भव छैन।'

लुम्बिनी प्रदेशको बाँके जिल्लामा सबैभन्दा धैरै खोप लगाउन छुटेका बालबालिका भेटिएका छन् । बाँके जिल्लामा ८५ जना बालबालिकाले पहिलो पटक खोप लगाएका छन्। दाङमा १२ जना, प्यूठानमा र कपिलवस्तुमा ११, रोल्पा र बर्दियामा ४/४, अर्घाखाँची, पश्चिम नवलपरासीमा एक/एक जना छुटेका बालबालिकाले खोप लगाएका छन् । रुकुम पूर्व, गुल्मी, पाल्पा जिल्लामा खोप लगाउन छुटेका बालबालिका भेटिएका छैनन्। यस्तै खोपमा ड्रप आउट भएका बालबालिका बाँके र कपिलवस्तु जिल्लामा धैरै भेटिएका छन्। बाँकेमा ८ सय ५१ र कपिलवस्तुमा ६ सय २६ जना छुटेका बालबालिकाले यसपालि खोप लगाएका छन् । रुपन्देहीमा ३ सय २४, नवलपरासी पश्चिममा दुई सय १६, बर्दियामा एक सय ४९, दाङमा ७२, प्यूठानमा ६७, रोल्पामा १५, गुल्मीमा १३, पाल्पामा ६, अर्घाखाँचीमा ४ जना ड्रपआउट भएका बालबालिकाले खोप लगाएका छन्। रुकुम पूर्वमा भने ड्रपआउट भएका बालबालिका फेला नपरेको मन्त्रालयले जनाएको छ। 'खोप लगाउने बारेमा अझैं भ्रमहरु समुदायमा छन्। ति भ्रमहरु चिर्दै खोपको व्यापकता जरुरी छ,' स्वास्थ्य मन्त्री दिपेन्द्र पुनले भने-'अटेरी समुदाय पनि छन् । उनीहरुलाई विशेष फोकस गरेर सचेतनाका कार्यक्रम लैजान जरुरी छ।'

अघिल्लो वर्ष लुम्बिनी प्रदेश पूर्णखोप सुनिश्चिता हुन नसकेपनि यस वर्ष भने लुम्बिनी प्रदेश पूर्णखोप सुनिश्चिता हुन सफल भएको छ। लुम्बिनी प्रदेशका १२ वटै जिल्ला पूर्णखोप सुनिश्चिता घोषणा भइसकेका छन् । अब प्रदेशलाई पूर्णखोप सुनिश्चिता घोषणा गर्न मात्रै बाँकी रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । आर्थिक वर्ष २०८०/०८१ को प्रगती विवरण सार्वजनिक गर्न पत्रकारहरुसँग आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा कपिलवस्तु जिल्ला पूर्णखोप सुनिश्चिता भएसँगै प्रदेशभित्रका सबै जिल्ला पूर्णखोप सुनिश्चिता भएको जानकारी गराइएको छ । १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकाले खोप लगाएको सुनिश्चिता गरेपछि प्रदेशलाई पूर्णखोप सुनिश्चिता भएको उल्लेख गरिएको छ । १६ महिनादेखि ५९ महिनासम्मका दुई लाख ६२ हजार ८ सय ५६ बालबालिकामध्ये दुई लाख ६० हजार तीन सय ८३ जना बालबालिकाले पूर्णखोप पाएको स्वास्थ्य मन्त्रालयका सचिव डा.बासुदेव उपाध्यायले जानकारी दिए।

लुम्बिनी प्रदेशको बाँके जिल्लामा सबैभन्दा धैरै खोप लगाउन छुटेका बालबालिका भेटिएका छन् । बाँके जिल्लामा ८५ जना बालबालिकाले पहिलो पटक खोप लगाएका छन् । दाङमा १२ जना, प्यूठानमा र कपिलवस्तुमा ११, रोल्पा र बर्दियामा ४/४, अर्घाखाँची, पश्चिम नवलपरासीमा एक/एक जना छुटेका बालबालिकाले खोप लगाएका छन् । रुकुम पूर्व, गुल्मी, पाल्पा जिल्लामा खोप लगाउन छुटेका बालबालिका भेटिएका छैनन् ।

यस्तै खोपमा ड्रप आउट भएका बालबालिका बाँके र कपिलवस्तु जिल्लामा धैरै भेटिएका छन्। बाँकेमा ८ सय ५१ र कपिलवस्तुमा ६ सय २६ जना छुटेका बालबालिकाले यसपालि खोप लगाएका छन्।

रुपन्देहीमा ३ सय २४, नवलपरासी पश्चिममा दुई सय १६, बर्दियामा एक सय ४९, दाङमा ७२, प्यूठानमा ६७, रोल्पामा १५, गुल्मीमा १३, पाल्पामा ६, अर्घाखाँचीमा ४ जना ड्रपआउट भएका बालबालिकाले खोप लगाएका छन् । रुकुम पूर्वमा भने ड्रपआउट भएका बालबालिका फेला नपरेको मन्त्रालयले जनाएको छ । 'खोप लगाउने बारेमा अझैं भ्रमहरु समुदायमा छन् । ति भ्रमहरु चिर्दै खोपको व्यापकता जरुरी छ,' स्वास्थ्य मन्त्री दिपेन्द्र पुनले भने-'अटेरी समुदाय पनि छन् । उनीहरुलाई विशेष फोकस गरेर सचेतनाका कार्यक्रम लैजान जरुरी छ।'

# किसानलाई सहुलियत ऋणको माग



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

स्याङ्जाका किसानले अनुदानमा रकम बाँड्नभन्दा सहुलियत ऋणको व्यवस्था गर्न माग गरेका छन् । अनुदानका कार्यक्रमले विकृति निम्तिएको भन्दै स्याङ्जाका किसानहरुले सहुलियतदरमा ऋणको व्यवस्था गर्न माग गरेका हुन्। भेटरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र स्याङ्जाले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा अधिकांश पशु किसानहरुले अनुदानले किसानलाई फाइदा नपुगेको भन्दै सहुलियतदरमा ऋण प्रवाह गर्ने व्यवस्था लागू गर्न माग गरेका थिए । अनुदानका कार्यक्रमले किसान–किसानबीच हुने विभेद र झोले किसानलाई मात्रै फाइदा हुने गरेको आरोप उनीहरुको थियो । स्थानीयतहमार्फत् किसानहरुलाई बिना ब्याज तथा सहुलियत दरमा मापदण्ड निर्माण गरी ऋण प्रवाह गरेमा राम्रो हुने किसानहरुको भनाइ थियो । जसले गर्दा झोले र बिचौलीय किसानहरु मौलाउने कार्य बन्द हुने अधिकांश किसानहरुले जोड दिए।

पशुपालन व्यवसायमा नयाँ प्रविधि भित्राउनु पर्ने माग समेत उनीहरुले राखेका छन् । घाँस काट्ने मेसिन, हरियो घाँस भण्डारण कक्षलगायतमा नयाँ प्रविधि भित्राउन सकियो भने पशुपालनबाट फाइदा लिन सकिनेमा पशु किसानहरुको जोड थियो । पशुपालक किसान राजेन्द्र मरासिनी, कमला अर्याल, भिम लुईटेल, युवराज केसी, शेषकान्त सुवेदी, भुवन मल्ल, टिकाराम पौडेल, मेघनाथ पौडेललगायतका किसानहरुले समस्या र समाधानका विषयमा सुझाव दिएका थिए । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र स्याङ्जाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको बारेमा जानकारी दिने उद्देश्यले पशुपालक किसानहरुलाई सार्वजानिक सुनुवाइ गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जिटिले परम्परागत रुपमा भन्दा व्यवसायिक रुपमा फराकिलो ढंगले कृषि व्यवसाय गर्नुपर्नेमा जोड दिए । सामूहिक रुपमा धैरै पुँजी लगानी गरेर व्यवसाय संचालन गर्न सकिने भन्दै कृषि उपजको बजारीकरणमा विचौलियाको हाबीलाई अन्त्य गर्नुपर्नेमा प्रमुख जिटीको जोड छ। कृषकको समृद्धिले मात्र मुलुक तथा स्थानीयतह समृद्ध हुन सक्ने भएकाले कृषि उत्पादकत्वमा जोड दिनुपर्ने बताउँदै प्रमुख जिटीले कृषकहरुको हितमा काम गर्न सबै बिषयगत कार्यालयलाई आग्रह गरे।

कार्यक्रममा कार्यालय प्रमुख रुपेश श्रेष्ठले कार्यालयले चालु आर्थिक वर्षमा गरेका कार्यप्रगतिका विषयमा कार्यपत्र पेश गरेका थिए। २ लाख ५३ हजार २४ जनसंख्या रहेको स्याङ्जामा ६८ हजार ९ सय २३ घरधुरी रहेका छन् ।ति घरधुरीमध्ये ४५ हजार २ सय १२ घरधुरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा पशुपालनमा लागेको कार्यालयको तथ्यांक छ । १ लाख १ हजार ६ सय ४९ हेक्टर क्षेत्रफल रहेको स्याङ्जामा ३२ हजार ४ सय ५० हेक्टर खेतियोग्य जमिन रहेको छ भने २० हजार ७ सय ३३ हेक्टर वनजंगलले ओगटेको छ।

त्यस्तै ४ हजार ४५८.९४ हेक्टर चरन क्षेत्र रहेको छ। स्याङ्जा दूध, अण्डा र मासुमा आत्मनिर्भर रहेको केन्द्रको तथ्यांकले देखाएको छ । प्रतिव्यक्ति ९१ लिटर दूध हरेक वर्ष आवश्यक रहेकोमा स्याङ्जामा प्रतिव्यक्ति ११२ लिटर दूध उपलब्ध हुँदै आएको तथ्याङ्कले बताउँछ । त्यस्तै प्रतिव्यक्ति १४ केजी मासु आवश्यक पर्नेमा स्याङ्जामा १४ केजी नै उत्पादन हुने गरेको छ । यो परिणाम हरेक वर्षका लागि हो । त्यस्तै ४८ अण्डा प्रतिव्यक्ति आवश्यक पर्नेमा २३१ गोटा अण्डा उपलब्ध रहेको केन्द्रका प्रमुख डा.श्रेष्ठले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गरिएको छ।


## आवश्यकता

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित पत्रिका दैनिक लुम्बिनीका लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | पद | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रबन्धक | केही | कम्तिमा +2 पास, सम्बन्धित क्षेत्रमा दक्ष |

तलब तथा अन्य सुविधाः आपसी सहमतिमा तय गरिनेछ।
दरखास्त दिने अन्तिम मितिः २०८१ साउन ०५ गतेसम्म

सर्म्पक
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर
फोन नंः ०७१-५३०६४०, ९८५७०३८३१२

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com